जानकारी पत्र (Briefing Paper)

अङ्क ११ २०७१ असोज

मार्टिन चौतारी
www.martinchautari.org.np

# संविधानसभा २ मा उपस्थिति र प्रक्रिया

## परिचय

२०७० मंसिर ४ मा भएको दोस्रो संविधानसभाको चुनावपछि पनि संविधान लेखन प्रक्रियाको गति सुस्त छ ।[१] दुई प्रमुख चुनौतीका कारण संविधान लेखनको प्रक्रियाले गति लिन सकेको छैन । पहिलो, अघिल्लो संविधानसभाको अवधिमाजस्तै यसपाली पनि मुख्य राजनीतिक दलहरूको प्राथमिकता सत्ता बाँडफाँड र शक्ति सञ्चय रहेको छ । चुनाव सम्पन्न भएको चार महिनापछि मात्र नयाँ सरकार बन्न सक्यो[२] भने सबै प्रमुख राजनीतिक दलभित्र आपसी द्वन्द्व छ र अन्तरपार्टी विमति गहिरिँदो छ । दोस्रो, अघिल्लो संविधानसभाको अवधिमा जस्तै शान्ति प्रक्रियामा भएको प्रगतिले संवैधानिक परिवर्तनको गतिलाई निर्धारण गरेको देखिन्छ । पहिलो संविधानसभाको अवधिमा दुई ओटा सेनाबीचको समायोजन मुख्य मुद्दा थियो । दोस्रो संविधानसभामा बेपत्ता नागरिकहरूको खोजी, सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन[३] र पछिल्लो समयमा उच्चस्तरीय राजनीतिक समिति बनाउनेबारे भएको सम्झौता कार्यान्वयनको माग[४] मुख्य मुद्दा बनेको छ । यो सम्झौता मूलरूपमा दोस्रो संविधानसभामा एनेकपा माओवादीको सहभागिता सुनिश्चित गर्न र संविधान लेखनको प्रक्रियालाई सहजीकरण गर्न तथा शान्ति प्रक्रियासम्बन्धी मुद्दाहरूलाई हल गर्ने उद्देश्यले गरिएको थियो ।[५]

[१] पहिलो संविधानसभाको असफलताको बारेमा विश्लेषण पढ्न हेर्नुहोस्– मार्टिन चौतारी जानकारी पत्र नं. ८, 'संविधानधसभा क्षयीकरणको अन्तर्य (२०६५-२०६९)' चैत २०६९ । मार्टिन चौतारीका सबै नीति पत्र तथा जानकारी पत्र www.martinchautari.org.np मा उपलब्ध छन् ।

[२] निर्वाचन भएको झन्डै तीन महिनापछि नेपाली काङ्ग्रेसका सभापति सुशील कोइराला २७ माघ २०७० मा प्रधानमन्त्री चयन भए पनि सरकारले पूर्णता पाउन थप एक महिना लाग्यो । त्यसैले सो अवधिमा संविधान–लेखनको काम खासै अगाडि बढ्न सकेन । कमजोर प्रतिपक्ष र स्थिर सामाजिक परिस्थितिमा बलियो संयुक्त सरकारको नेता भए पनि कोइरालाको सरकार उत्तिकै सुस्त, अप्रभावकारी र योजना तथा रणनीतिविहीन देखिन्छ । रावल, रामबहादुर । २०७० । धेरै शक्ति, सुस्त शैली । नेपाल १४(४१) : २२–२९ ।

[३] राष्ट्रपतिले २८ वैशाख २०७१ मा विधेयकमा हस्ताक्षर गरेपछि ऐन बन्यो । Rai, Dewan. 2014. Prez seals TRC bill. *The Kathmandu Post*, 12 May, p.1.

[४] एकीकृत नेपाल कम्युनिष्ट पार्टी (एनेकपा) माओवादीले २०७० पुसमा गरिएको चार बुँदे सम्झौतालाई आधार बनाएर जोडदार रूपमा यस्तो माग उठाएको थियो ।

[५] संविधानसभालाई निर्देश नगर्ने भनी उल्लेख गरिए पनि बाबुराम भट्टराई नेतृत्वको संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको तुलनामा उच्चस्तरीय राजनीतिक समितिको कार्य र यसको संरचना प्रस्ट छैन । Giri, Anil. 2014. Parties agree to revive HLPC. *The Kathmandu Post*, 25 March, p.1. त्यस्तो संयन्त्रको वैधानिकतामा प्रश्न उठाइएको र त्यसले लोकतन्त्र र कानुनी शासनको मान्यतालाई नजरअन्दाज गर्नसक्ने सम्भावनालाई प्रकाश पारिएको छ । नागरिक । २०७० । गैरसंवैधानिक संयन्त्र । १३ चैत, पृ. ६ ।

यसै पृष्ठभूमिमा, यो जानकारी पत्रलाई दोस्रो संविधानसभाले गरेका प्रगति, उसका सामू रहेका चुनौती र संविधानसभामा सभासद्हरूको उपस्थितिको विशेष सन्दर्भसहित पहिलो संविधानसभाबाट सिकिएका वा नसिकिएका पाठहरूमा केन्द्रित गरिएको छ । यो पत्रको पहिलो खण्डमा संविधानसभाका सामान्य प्रक्रियाहरूको विश्लेषण गरिएको छ भने दोस्रो खण्डमा सभासद्हरूको हाजिरीलाई दलगत र समूहगत हिसाबबाट केलाइएको छ ।

## संविधानसभा २ : प्रगति र पाठ

### *प्रक्रिया*

सन् २०१३ पछि संक्रमणकाल पार गर्ने सन्दर्भमा भएको मुख्य प्रगतिमध्ये अघिल्लो संविधानसभामा नयाँ संविधानको अन्तर्वस्तुमाथि जुटेका सहमतिलाई वर्तमान संविधानसभाले स्वामित्व ग्रहण गर्नु एउटा हो । त्यसैले पहिलो संविधानसभाका संवैधानिक समिति, १० ओटा विषयगत समितिहरू र तीन ओटा प्रक्रियागत समितिको सट्टा दोस्रो संविधानसभामा जम्मा पाँच ओटा समिति मात्र गठन गरिए । ती समिति यसप्रकार छन् : संविधान अभिलेख अध्ययन तथा निर्क्योल समिति (नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी [नेकपा एमाले] का विष्णु पौडेलको नेतृत्वमा); संविधान मस्यौदा समिति (नेपाली काङ्ग्रेसका कृष्ण सिटौलाको नेतृत्वमा); संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति (एनेकपा माओवादीका बाबुराम भट्टराईको नेतृत्वमा); क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति (मधेसी जनाधिकार फोरम नेपाल [मजफो नेपाल] की लक्ष्मी चौधरीको नेतृत्वमा) र नागरिक सम्बन्ध तथा संविधान सुझाव समिति (नेपाल कम्युनिष्ट पार्टी एकीकृतकी प्रमिला राणाको नेतृत्वमा) ।[६] संविधान अभिलेख अध्ययन तथा निर्क्योल समितिलाई पहिलो संविधानसभाका दस्तावेजहरूको अध्ययन गर्ने जिम्मेवारी दिइएको थियो । उक्त समितिले पहिलो संविधानसभाका दु-दुई ओटा प्रतिवेदन अध्ययन गर्ने गरी छ ओटा उपसमिति बनायो । उपसमितिहरूले ११ ओटा विषयगत समिति र एउटा विवाद समाधान उपसमितिका प्रतिवेदन केलाए । उपसमितिहरूले आआफ्ना प्रतिवेदन मुख्य समितिलाई बुझाएपछि अघिल्लो संविधानसभामा सहमति भएका र विवादित मुद्दासहितको एउटा समग्र प्रतिवेदन तयार पारियो । सहमति भएका विषयलाई संविधान मस्यौदा समितिमा पठाइयो भने विवादित मुद्दाहरूको प्रतिवेदन संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाइयो । पछिल्लो समितिलाई संविधान लेखन प्रक्रियाका विवादित विषय सुल्झाउन १४ असोज २०७१ सम्मको बढाइएको म्याद दिइयो ।[७]

माघ २०७१ मा संविधान जारी गर्ने उद्देश्यका साथ संविधानसभा सचिवालयले संविधानको पहिलो मस्यौदा कात्तिक अन्तिमसम्म ल्याउने प्रस्ताव गरेको थियो । संविधानसभाले पहिलो मस्यौदाको लागि एक महिना छिटो अर्थात् असोज मसान्तको समयसीमा तोक्यो । उक्त समयसीमामा काम सम्पन्न गर्न सकिने कुरामा सचिवालयका कर्मचारीले व्यक्त गरेका शंका[८] त्यसयता सही सावित भएको छ । पाँच ओटा समितिका सभापति समयमै चुनिएको भए पनि समितिको कार्ययोजनाको तयारी र विशेषज्ञहरूको मनोनयनको समयसीमा (१५ वैशाख २०७१ भित्र), र विवादित विषयहरूमा सहमति कायम गर्ने (१६ देखि २२ भदौ २०७१) को समयसीमा पालना हुन सकेन । यसले समयसीमालाई पछाडि धकेलेर विवादित विषयमा सहमति कायम गर्ने (३० भदौ २०७१) र संविधानको पहिलो मस्यौदाको तयारी (असोज अन्तिम हप्ता २०७१) पुर्‍यायो, जसले संविधान जारी गर्ने मिति (माघ २०७१) लाई असर पार्नसक्ने देखिएको छ ।

संविधानसभा नियमावली (२०७०) अनुसार नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले अन्य कामका अलावा मस्यौदामाथि प्रत्येक जिल्लामा नागरिक सुनुवाई गराउने उल्लेख छ । यसका लागि कार्यतालिकामा एक महिनाको समय छुट्ट्याइएको छ, जसलाई संविधानसभा सदस्यहरूले अपर्याप्त भनी टिप्पणी गरेका छन् ।[९] वैशाखको अन्ततिर नै समितिकी सभापति प्रमिला राणाले १५ सदस्यीय उपसमितिले मिडियाको प्रयोग, कार्यशाला सञ्चालन, सार्वजनिक सुनुवाई, आदिका लागि तयारी सुरु गरिसकेको भए पनि नागरिकमा जानका लागि तोकिएको समय दशैं/तिहार ताका पर्ने भएकाले उनीहरूको काम कठिन हुने बताएकी थिइन् ।[१०] समयसीमाहरूको पालना हुन नसकिरहेको अवस्थामा लगभग चार महिनापछि आएर राणाले समितिको कामको लागि म्याद थपसम्बन्धी कुनै निर्णय नभएको र उनीहरूको काम स्थगित भएको खुलासा गरेकी छन् । पहिले जस्तै, गाउँ तहसम्म पुग्ने कुनै रणनीतिबिना नै

[६] समितिहरूको संख्या घटाउँदा समितिहरूको आकार निकै ठूला भएका छन् जसलाई मिडियाले 'जम्बो' समितिको संज्ञा दिएका छन् । पहिलो संविधानसभाको संवैधानिक समितिका सभापति निलाम्बर आचार्य जस्ता व्यक्तिहरूले त्यस्ता समितिहरूको छिटो निर्णय गर्न सक्ने क्षमतामा शंका व्यक्त गरेका छन् । किनकि ती समितिहरू वादविवाद र प्रक्रियामै अलमलिन सक्छन् । पाण्डे, बलराम । २०७० । संविधानसभामा 'जम्बो समिति' । *नागरिक*, ९ चैत, पृ. १ ।

[७] Giri, Anil. 2014. Parties agree to revive HLPC. *The Kathmandu Post*, 25 March, p. 1.

[८] The Kathmandu Post. 2014. CA endorses calendar statute draft by mid-Oct. 4 April, p. 1.

[९] मार्टिन चौतारीको अन्तर्वार्ता, २५ र २६ भदौ २०७१ ।

[१०] मार्टिन चौतारीको अन्तर्वार्ता, ३० वैशाख २०७१ ।

७५ जिल्लाका २४० निर्वाचन क्षेत्र समेट्न ३० जना संविधानसभा सदस्यहरूको टोली बनाउने योजना देखिन्छ ।[११] समयसीमाको पालना नहुँदा नागरिकसँगको पहुँचका लागि छुट्याइएको समय घट्ने र संविधान लेखन प्रक्रियाका लागि नागरिकहरूको अर्थपूर्ण सहभागिता तथा परामर्श र संरचित सुझाव संयन्त्रको आवश्यकता[१२] जस्ता पहिलो संविधानसभाबाट प्राप्त पाठहरू नसिकिएको देखियो ।

## *सम्भ्रान्त नियन्त्रणका लागि सिकिएका पाठ*

पहिलो संविधानसभामा जस्तै तिनै राजनीतिक दल र ती दलका नेतृत्वपंक्ति नै दोस्रो संविधानसभामा पनि हावी छन् । पत्रपत्रिकामा प्रकाशित समाचारहरूले 'ठूला तीन' दल–नेका, नेकपा एमाले र एनेकपा माओवादी–ले कसरी 'तीन मुख्य समिति' को नेतृत्व आपसमा भागबण्डा गरे र बाँकी दुईको नेतृत्व मधेस केन्द्रित दल र साना दललाई दिए भन्ने उल्लेख गरेका छन् ।[१३] 'महत्त्वपूर्ण' र 'कम महत्त्वपूर्ण' समितिहरूको निर्माण सम्बन्धमा सभासद् गगन थापाले संविधानसभामा प्रश्न उठाएका थिए जसमा संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति सबै ठूला नेताहरूका लागि बनाइएको र पार्टीभित्र महत्त्वपूर्ण नमानिएका सबैलाई क्षमता अभिवृद्धि र स्रोत परिचालन समितिमा थन्काइएको हो भन्ने प्रश्न पनि थियो ।[१४] केही सीमित नेताहरूले शक्ति बाँडफाँडको सहमति गरेकोमा सभासद्हरूले असन्तुष्टि व्यक्त गरेको समाचारहरूमा उल्लेख छ । यसै सन्दर्भमा नेकाका सभासद् रामहरी खतिवडाले भनेका छन्, "हामी हाम्रो समितिको सभापति चयन गर्न सक्ने अवस्थामा पनि छैनौँ । समितिहरूका सभापतिको भागबण्डासम्बन्धी दलहरूबीचको छलफलबारे पनि हामीलाई जानकारी हुँदैन ।"[१५]

त्यसमाथि, पहिलो संविधानसभामा झैँ यसपाली सभासद्लाई बोल्नका लागि समय विभाजनको स्पष्ट नियम छैन ।[१६] संविधानसभाको एजेण्डासम्बन्धी सल्लाहाकार समितिले दल र दलका सदस्यका लागि सामान्यतया दलको शक्तिअनुसार समय तोक्ने गर्छ । ठूला दललाई बोल्न धेरै समय दिइने, साना दलले ३ देखि ५ मिनेट पाउने, र बोल्नका लागि जहिले नाम दर्ता गराए पनि साना दलका सभासद्लाई सधैँ अन्तिममा मात्र पालो दिइने सभासद्हरूले कुराकानीका क्रममा बताए ।[१७] पहिलो संविधानसभामा जस्तो प्रस्ट नभए पनि विभेदकारी प्रक्रियाहरू अहिले पनि अभ्यासमा छन् ।

संविधानसभाका नयाँ नियम र नियमावलीमा भएका ससाना परिवर्तन पनि उल्लेख गर्न लायक छन् । उदाहरणका लागि, नयाँ नियममा समितिका बैठकमा सभासद्हरू लगातार अनुपस्थित रहन पाउने दिनको संख्या ४ बाट बढाएर ५ बनाइएको छ । सोभन्दा बढी दिन लगातार अनुपस्थित भएमा सम्बन्धित समितिका सभापतिले निलम्बन गर्न सक्ने व्यवस्था छ । यद्यपि, यस्तो दण्ड व्यवस्था विगतमा कहिल्यै कार्यान्वयन गरिएन र अहिले पनि त्यो सम्भावना छैन, तर यो परिवर्तनले संविधानसभामा अनुपस्थित हुनेलाई प्रोत्साहन दिएजस्तो देखिएको छ । पहिलो संविधानसभामा खास गरी नेतृत्व तहको न्यून उपस्थिति विरुद्ध उठेका सार्वजनिक आक्रोशको पृष्ठभूमिमा उपस्थितिको स्तरलाई सुदृढ तुल्याउनु पर्नेमा दोस्रो संविधानसभाले उपस्थितिसम्बन्धी नियम झन् खुकुलो तुल्याएको छ ।

संविधानसभाको नयाँ नियम र नियमावलीबाट हटाइएका प्रावधान पनि उल्लेखयोग्य छन् । संविधानसभाको पहिलो नियमावली (२०६५) मा संविधानसभाका सबै समितिलाई निम्न कुरा तोकिएको थियो : 'समितिका सदस्यहरू मनोनयन गर्दा संविधानसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूको प्रतिनिधित्व हुने गरी संविधानसभामा रहेको दलीय संरचना, महिला, आदिवासी/जनजाति, मधेसी, दलित, पिछडिएको क्षेत्र, मुस्लिमलगायत अल्पसंख्यकको सबै पक्षको सभामा रहेको उपस्थितिको आधारमा समानुपातिक समावेशीकरण हुनु पर्दछ ।' नयाँ नियमावलीमा यो प्रावधान संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको हकमा मात्र लागू गरिएको छ । त्यसैले संविधानसभाभित्र ऐतिहासिक रूपमा सीमान्तीकृत समूहको समुचित प्रतिनिधित्व गराउने संस्थागत संयन्त्र छैन । पहिलो संविधानसभामा मुख्य रूपमा अनौपचारिक तर बलिया अन्तरपार्टी ककस थिए । खास गरी महिला र जनजाति ककसले महिलाको नागरिकताको विषय र जातीय आधारको संघीयताको विषयमा दल (मुख्य गरी नेका र नेकपा एमाले) र तिनका नेतृत्वले लिएका अडानलाई चुनौती दिएका थिए । यी दुई दल दोस्रो संविधानसभामा त्यस्ता ककस बनाउने कुराको विपक्षमा रहे किनकि "तिनीहरूले संविधान लेखन प्रक्रियालाई जटिल बनाउने छन् ।"[१८]

[११] मार्टिन चौतारीको अन्तर्वार्ता, २५ भदौ २०७१ ।

[१२] पहिलो संविधानसभाको राय संकलन अभ्यासबारे हेर्नुहोस्, मार्टिन चौतारी नीति पत्र नं. १, 'संविधान निर्माण प्रक्रिया', जेठ २०६६, पृ. ६–८ ।

[१३] Bhattarai, Kamal Dev. 2014. Big 3 set to keep vital CA panels. *The Kathmandu Post*, 25 April, p.1.

[१४] पाण्डे, बलराम । २०७० । संविधानसभामा 'जम्बो समिति । *नागरिक*, ९ जेठ, पृ. ८ ।

[१५] Dahal, Ashok. 2014. Fill 26 CA vacancies before electing CA panel chairs: Lawmakers. *República*, 14 April, p. 4.

[१६] पहिलो संविधानसभामा छलफलको समय संरचनासम्बन्धी विवरणका लागि हेर्नुहोस्, मार्टिन चौतारी नीति पत्र नं. ४, 'संविधानसभामा उपस्थिति र सहभागिता', असोज २०६७, पृ. ४ ।

[१७] संविधानसभा सदस्यसँग मार्टिन चौतारीको अन्तर्वार्ता, २६ भदौ २०७१ ।

[१८] Bhattarai, Kamal Dev. 2014. CA caucus debate rages; parties divided. *The Kathmandu Post*, 8 March, p. 1/4.

संविधानसभामा ककसमाथि लगाइएको अघोषित 'प्रतिबन्ध' र सीमान्तकृतहरूलाई आफ्नो सरोकार व्यक्त गर्ने ठाउँको रूपमा क्षमता अभिवृद्धि र स्रोत परिचालन समितिमा सीमित गरेबाट दलका सम्भ्रान्त (एलिट) हरूको संविधानसभामा पकड प्रस्ट हुन्छ ।

नयाँ संविधानका लागि समतापूर्ण लोकतान्त्रिक छलफल हुनुपर्ने ठाँउमा पहिलो संविधानसभाबाट राजनीतिक सम्भ्रान्तहरूले सिकेको पाठ भनेको समावेशीतालाई संकुचित गर्दाको फाइदा, मुख्य राजनीतिक दलहरूको विशेषाधिकारको सुरक्षा, अनुपस्थितिलाई प्रोत्साहन, लोकतन्त्रिक प्रक्रियाको नियन्त्रण, र राजनीतिक तहहरूको संरक्षण रहेको देखियो ।


## संविधानसभा २ मा उपस्थिति

संविधानसभाबारेका मार्टिन चौतारीका विगतका प्रतिवेदन जस्तै यो जानकारी पत्रमा पनि जवाफदेहिता र पारदर्शिता जाँच गर्ने क्रममा सभासद्हरूले संविधान निर्माणमा निर्वाह गरेको भूमिकालाई मापन गर्न उनीहरूको उपस्थितिको अभिलेखलाई विश्लेषणको मुख्य आधार बनाइएको छ । यो प्रतिवेदनले ८ माघ २०७० मा संविधानसभाको पहिलो बैठक बसेदेखि १६ असार २०७१ सम्मको समयावधिलाई समेटेको छ । यो अवधिमा कुल ५२ ओटा बैठक सम्पन्न भएका थिए जसमा संविधानसभाको पूर्ण बैठकको अवधि करिब १२३ घण्टा रह्यो ।

यो प्रतिवेदनले राजनीतिक दल, दलका नेता र सामाजिक समूहका आधारमा उपस्थितिको प्रवृत्ति विश्लेषण गरेको छ । विगतका प्रतिवेदनमा उल्लेख गरिए झैं संविधानसभामा उपस्थितिको अभिलेखको सीमितता के हो भने हाजिरी पुस्तिकामा हस्ताक्षर गर्नुले मात्रै बैठकका सत्रमा सहभागी भएको वा विशेष योगदान गरेको वास्तविक चित्र दिँदैन । सभासद्को गैरहाजिरी सम्बन्धमा मिडियामा आएका सामग्रीबारे एकजना सभासद्ले भने, "हाजिर गरेर केही समयपछि हिँड्नेको संख्या पनि धेरै छ ।"[१९]

सामाजिक समूहको वर्गीकरणका आधारमा विश्लेषण गर्नु पहिलाको जस्तै कठिन रह्यो । उदाहरणका लागि, संविधानसभा सचिवालयबाट उपलब्ध गराइएको तथ्यांकअनुसार रमणी रामलाई पहाडी दलितको रूपमा सूचीकृत गरिएको छ जबकि उनी मधेसी दलित हुन् । त्यसै गरी पहाडी दलित धना पहरीलाई जनजाति सूचीमा राखिएको छ । सामाजिक समूह केलाउन लगभग २५० सभासद्सँग सम्पर्क गरी जानकारी संकलन गरिएको थियो । निलम्बनमा परेका चारजना सभासद् र दु-दुई ओटा क्षेत्रबाट निर्वाचित सदस्यहरूले छाडेको क्षेत्रमा असार २०७१ को उपनिर्वाचनबाट निर्वाचित चार सभासद्हरूको उपस्थितिलाई विश्लेषणमा समावेश गरिएको छैन ।[२०]

**चित्र १ : राजनीतिक दलहरूको औसत उपस्थिति दर**




दोस्रो संविधानसभामा सभासद्हरूको औसत उपस्थिति दर ७६ प्रतिशत रहेको छ । यो पहिलो संविधानसभाको चार वर्षे कार्यकालको औसत उपस्थिति दर (जम्मा ६२%) भन्दा धेरै हो ।[२१] तथापि, यो उपस्थिति दरलाई सन्तोषजनक मान्न सकिँदैन, किनकि जनताले नयाँ संविधान लेख्न चुनेर पठाएका झन्डै एक चौथाई सभासद्हरू संविधानसभामा निरन्तर अनुपस्थित रहन्छन् भन्ने यसले देखाउँछ । राजनीतिक दलका सदस्यहरू संविधान निर्माण गर्ने आफ्नो दायित्वप्रति गम्भीर छैनन् भन्ने पनि यसले संकेत गर्छ । गणपुरक संख्या नपुगेर बैठक स्थगित भएका[२२] र नेताहरू संविधानसभा बैठकमा ढिलो

[१९] मार्टिन चौतारीसँगको अन्तर्वार्ता, २६ भदौ २०७१ ।

[२०] निलम्बनमा परेका चार जना सभासद्मा एनेकपा माओवादीका अशोककुमार मण्डल र शम्भु पासवान, सद्भावना पार्टीका सञ्जयकुमार साह र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका कान्ता भट्टराई छन् ।

[२१] थप विवरणको लागि हेर्नुहोस्, मार्टिन चौतारी जानकारी पत्र नं. ८, 'संविधानधसभा क्षयीकरणको अन्तर्य (२०६५-२०६९)', चैत २०६९ ।

[२२] Bhattarai, Kamal Dev. 2014. Lawmakers bask in the sun as house meets. *The Kathmandu Post*, 6 March, p. 1.

आउने र छिटो निस्कने[२३] गरेका समाचार पत्रपत्रिकामा आइरहेका छन् ।

सभासद्हरूको उपस्थितिलाई दलगत आधारमा केलाउँदा संविधानसभामा पहिलो र दोस्रो ठूलो दल क्रमशः नेका र नेकपा एमालेको उपस्थिति दर समग्र औसतको हाराहारीमा देखिन्छ । संविधानसभामा तेस्रो ठूलो दल एनेकपा माओवादीको उपस्थिति दर अघिल्ला दुई दलहरूको भन्दा धेरै (८२%) छ । संविधानसभामा चौथो ठूलो दल राप्रपा नेपालको उपस्थिति दर औसतभन्दा कम (७२%) छ । दलगत आधारमा केलाउँदा संविधानसभा बैठकमा सबैभन्दा बढी हाजिर हुने दल समाजवादी जनता पार्टी (९६%) देखिन्छ जसको नजिकमा खम्बुवान राष्ट्रिय मोर्चा नेपाल (९२%) छ । यी दुवै दलका एक एक जना मात्र सभासद् छन् । सबैभन्दा बढी गयल हुने दुई दलमा मधेस समता पार्टी नेपाल[२४] र मधेसी जनाधिकार फोरम (गणतान्त्रिक) छन् तिनको उपस्थिति दर क्रमशः करिब ३३ प्रतिशत र ४४ प्रतिशत मात्र छ । संविधानसभामा सहभागी राजनीतिक दलहरूको उपस्थिति दर चित्र नं. १ मा दिइएको छ ।

उपस्थितिको अभिलेखलाई व्यक्तिगत तहमा विश्लेषण गर्दा एवं नेतृत्व पंक्तिमा रहेका, प्रभावशाली मानिने र चिरपरिचित सभासद्को उपस्थिति केलाउँदा केही चाखलाग्दा तथ्य भेटियो । संविधानसभाका अध्यक्ष सुवास नेम्वाङसहित १५ जना सभासद् संविधानसभाका सबै बैठकमा सहभागी भएको पाइयो । दोस्रो, तेस्रो र चौथो उच्च उपस्थिति दरमा (क्रमशः ९८, ९६ र ९४ प्रतिशत) पनि ठूलो संख्यामा क्रमशः १६, १८ र २८ सभासद्हरू पाइयो । यो अघिल्लो संविधानसभाको पहिलो दुई वर्ष र समग्र चार वर्षको तथ्यांकभन्दा फरक हो । दोस्रो संविधानसभामा सबैभन्दा बढी गयल हुने सभासद् नेकाका प्रदिप गिरी हुन् जसको उपस्थिति दर चार प्रतिशतभन्दा कम छ । त्यस्तै, नेकाकै रामशरण महत तथा नेकपा एमालेका अध्यक्ष तथा सो दलका संसदीय दलका नेता खड्गप्रसाद ओली पनि बढी गयल हुनेमा पर्छन् । तिनको उपस्थिति दर क्रमशः १२ र १३ प्रतिशत छ । संविधानसभामा बढी गयल हुने सभासद्हरूको सूचीका लागि तालिका १ हेर्नुहोस् ।

पहिलो संविधानसभाको तुलनामा दलका उपल्लो पंक्तिका नेताहरूको उपस्थिति यसपालीको संविधानसभामा बढेको देखिन्छ । उदाहरणका लागि, नेकाका शेरबहादुर देउवा पहिलो संविधानसभाको चार वर्ष कार्यकालमा

**तालिका १ : तल्लो १० उपस्थिति दर**

| क्र.सं. | नाम र दल | उपस्थिति दर % |
|---|---|---|
| १ | प्रदिप गिरी (नेका) | ३.८५ |
| २ | रामशरण महत (नेका) | ११.५४ |
| ३ | खड्गप्रसाद ओली (नेकपा एमाले), राज्यलक्ष्मी गोल्छा (नेकपा एमाले) | १३.४६ |
| ४ | पवनकुमार शारडा (मजफो नेपाल लोकतान्त्रिक), नारायणप्रसाद साउद (नेका) | २५ |
| ५ | सयन्द्र वान्तवा (राप्रपा नेपाल) | ३०.७७ |
| ६ | मेघराज नेपाली निषाद (मधेस समता पार्टी नेपाल), टेकबहादुर गुरूङ (नेका), लीला कोइराला (नेका), कर्णबहादुर थापा (नेकपा एमाले), बामदेव गौतम (नेकपा एमाले) | ३२.६९ |
| ७ | सुशील कोइराला (नेका) | ३४.६२ |
| ८ | आशा चतुर्वेदी (मजफो नेपाल लोकतान्त्रिक), अमर शर्मा, देव राज भार (नेकपा एमाले) | ३६.५४ |
| ९ | ज्ञानुदेवी गैरे (नेकपा एमाले) | ३८.४६ |
| १० | रमणी राम (मजफो नेपाल लोकतान्त्रिक), शेरबहादुर देउवा (नेका), कमलेश्वर पुरी गोस्वामी (तमलोपा) | ४०.३८ |

सबैभन्दा बढी गयल (उपस्थिति दर २.४६%) थिए भने एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल सोही अवधिमा दोस्रो बढी गयल (उपस्थिति दर ६.५६ प्रतिशत) हुनेमा पर्दथे । विजयकुमार गच्छदार (मजफो लोकतान्त्रिक), उपेन्द्र यादव (मजफो नेपाल) र कृष्णबहादुर महरा (एनेकपा माओवादी) पनि पहिलो संविधानसभाको चार वर्षको अवधिमा क्रमशः १७, १८ र १९ प्रतिशत उपस्थितिसहित बढी गयल हुने १० जनाभित्र पर्दथे ।[२५] दोस्रो संविधानसभामा चाहिँ देउवा र दाहाल दुवैको उपस्थिति ४० प्रतिशतभन्दा माथि रह्यो भने पछिल्ला तीन जनाको उपस्थिति दर ७० प्रतिशतभन्दा माथि छ । प्रभावशाली तथा चिरपरिचित राजनीतिक व्यक्तित्वहरूको उपस्थिति दरको सूचीका लागि तालिका २ हेर्नुहोस् ।

तर, सबै मुख्य नेताहरू सदस्य रहेको ७० सदस्यीय संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको उपस्थितिलाई नजिकबाट हेर्दा केही फरक तथ्यांक देखापर्छ । उदाहरणका लागि, देउवा र दाहालको यो समितिमा उपस्थिति दर क्रमशः ५१ र ४९ प्रतिशत छ, जबकि गच्छदारको उपस्थिति दर ९० प्रतिशत छ । केही चर्चित राजनीतिक व्यक्तिहरूको उक्त समितिमा उपस्थिति दरका लागि तालिका ३ हेर्नुहोस् ।

[२३] कान्तिपुर । २०७१ । कार्यशैली नफेरी संविधान आउँदैन । ३१ असोज, पृ. २ ।

[२४] यो पार्टीका एकमात्र सभासद् मेघराज नेपाली अस्वस्थ भएको र उनले हप्ताको दुई पटक मृगौलाको डायलाइसिस् गराइरहेको बताइएको छ ।

[२५] हेर्नुहोस्, मार्टिन चौतारीको जानकारी पत्र नं. ८, 'संविधानसभा क्षयीकरणको अन्तर्य (२०६५-२०६९)', चैत २०६९ ।

**तालिका २ : केही प्रभावशाली तथा परिचित सभासद्हरूको उपस्थिति दर**

| क्र.सं. | नाम र दल | उपस्थिति दर % |
|---|---|---|
| १ | अमृतकुमार बोहरा (नेकपा एमाले), कमला दोङ (नेकपा एमाले), जीवनबहादुर शाही (नेका) | १०० |
| २ | चित्रबहादुर केसी (राष्ट्रिय जनमोर्चा), लक्ष्मणलाल कर्ण (सद्भावना) | ९४.२३ |
| ३ | झलनाथ खनाल (नेकपा एमाले), अशोककुमार राई (संघीय समाजवादी पार्टी), मिलनकुमारी राजवंशी (नेपाल परिवार दल) | ८८.४६ |
| ४ | रेखा शर्मा (एनेकपा माओवादी) | ८६.५४ |
| ५ | गोपाल दहित (थरूहट तराई पार्टी नेपाल) | ८४.६२ |
| ६ | सर्वेन्द्रनाथ शुक्ल (तमलोपा) | ८२.६९ |
| ७ | सूर्यबहादुर थापा (राप्रपा) | ८०.६७ |
| ८ | बाबुराम भट्टराई (एनेकपा माओवादी), विजयकुमार गच्छदार (मजफो नेपाल लोकतान्त्रिक), रवीन्द्र अधिकारी (नेकपा एमाले) | ७८.८५ |
| ९ | उपेन्द्र यादव (मजफो नेपाल), कृष्णबहादुर महरा (एनेकपा माओवादी) | ७३.०८ |
| १० | रामचन्द्र पौडेल (नेका), नारायणमान बिजुक्छे (नेमकिपा), गगनकुमार थापा (नेका) | ७१.१५ |
| ११ | गोकर्णराज विष्ट (नेकपा एमाले) | ६९.२३ |
| १२ | माधवकुमार नेपाल (नेकपा एमाले) | ६५.३८ |
| १३ | विद्यादेवी भण्डारी (नेकपा एमाले), कमल थापा (राप्रपा नेपाल), सुजाता कोइराला (नेका) | ६१.५४ |
| १४ | विश्वेन्द्र पासवान (दलित जनजाति पार्टी) | ५७.६९ |


माथिका तथ्यांकबाट यो प्रस्ट हुन्छ कि मतदाताले संविधान लेखनको जिम्मेवारी सुम्पेका राजनीतिक नेताहरूको संविधानसभामा अर्थपूर्ण उपस्थिति छैन । एकजना पूर्व सभासद् एवं मन्त्री भन्छन्, "सामान्यतया सभासद्को उपस्थिति राम्रै देखिन्छ तर शीर्ष नेताको उपस्थिति हिजो पनि थिएन आजको संविधानसभामा पनि छैन ।"[२६] संविधानसभामा राजनीतिक नेतृत्वको न्यून उपस्थितिलाई अन्य सभासद्हरूले संविधान लेखन प्रक्रियाप्रति गम्भीर नभएको संकेतका रूपमा लिएका छन् ।[२७]

[२६] मार्टिन चौतारीसँगको अन्तर्वार्ता, २७ भदौ २०७१ ।
[२७] मार्टिन चौतारीसँगको अन्तर्वार्ता, २५ भदौ २०७१ ।

**तालिका ३ : संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको ३९ ओटा बैठकमा सभासद्हरूको उपस्थिति दर**

| क्र.सं. | नाम र दल | उपस्थिति दर % |
|---|---|---|
| १ | प्रेमबहादुर सिंह (समाजवादी जनता पार्टी), रामचन्द्र पौडेल (नेका) | १०० |
| २ | चित्रबहादुर केसी (राष्ट्रिय जनमोर्चा), गोपाल दहित (थरूहट तराई पार्टी नेपाल) | ९५ |
| ३ | लक्ष्मणलाल कर्ण (सद्भावना पार्टी) | ९२ |
| ४ | सूर्यबहादुर थापा (राप्रपा), चन्द्रप्रकाश मैनाली (नेकपा माले), विजयकुमार गच्छदार (मजफो नेपाल लोकतान्त्रिक) | ९० |
| ५ | सर्वेन्द्रनाथ शुक्ला (तमलोपा), अशोककुमार राई (संघीय समाजवादी पार्टी) | ८७ |
| ६ | झलनाथ खनाल (नेकपा एमाले) | ८५ |
| ७ | नारायणमान विजुक्छे (नेमकिपा), सुजाता कोइराला (नेका) | ५९ |
| ८ | कमल थापा (राप्रपा नेपाल) | ५१ |
| ९ | पुष्पकमल दाहाल (एनेकपा माओवादी), विद्यादेवी भण्डारी (नेकपा एमाले) | ४९ |

**चित्र २ : लैंगिकताका आधारमा उपस्थिति दर**




कुल ५६७ सदस्य रहेको संविधानसभामा,[२८] १७१ (३०%) महिला र ३९६ (७०%) पुरुषको प्रतिनिधित्व छ । उपस्थितिको अभिलेखबाट थाहा हुन्छ कि पहिलो संविधानसभाजस्तै पुरुषको ७५ प्रतिशतको तुलनामा महिलाहरूको उपस्थिति दर बढी अर्थात् करिब ७९ प्रतिशत छ (चित्र २) । यी दुवै चित्रले पहिलो चार वर्षको तुलनामा सभासद्को उपस्थिति दरमा वृद्धि भएको देखाउँछ । २०६५-२०६९ को अवधिमा महिलाको उपस्थिति ६५ प्रतिशत र


[२८] यो संख्यामा माथि उल्लिखित आठजना सभासद् (चार निलम्बित र चार उपनिर्वाचनबाट आएका) सामेल छैनन् न १३ भदौ २०७१ मा मन्त्रिपरिषद्बाट मनोनित १७ सभासद् चाहिँ समावेश छन् । मन्त्रिपरिषदबाट मनोनित गरिने २६ सिटमा औपचारिक रूपमा 'विशिष्ट व्यक्तित्वहरू र प्रतिनिधित्व नभएका समुदायहरूलाई' मनोनयन गरिनेछ भनिएको छ ।

पुरुषको ५८ प्रतिशत थियो । यसले दुई लैंगिक समूह बीचको उपस्थितिको भिन्नताको दूरी घटेको देखाउँछ ।


संविधानसभाको सामाजिक बनावटलाई हेर्दा, २३३ (४१%) ब्राम्हण-क्षेत्री-ठकुरी (अथवा 'अन्य'), १८१ (३२%) जनजाति, ८६ (१५%) मधेसी, २९ (५%) पहाडी दलित, १३ (२%) मधेसी दलित, १९ (३%) मुस्लिम र ६ (१%) माडवारी छन् (चित्र ३) ।

उपस्थिति दरलाई सामाजिक समूहको आधारमा छुट्टयाएर तुलना गर्दा पहिलो संविधानसभाको जस्तै प्रवृत्ति दोस्रो संविधानसभामा पनि देखिन्छ (चित्र ४) । अझ स्पष्ट भन्नुपर्दा, अघिल्लो संविधानसभामा जस्तै अन्य सामाजिक समूहको तुलनामा पहाडी दलितहरूको उपस्थिति दर उच्च (७९.६४%) पाइयो भने माडवारी समूहको उपस्थिति दर सबैभन्दा न्यून (५३.५३%) पाइयो ।[२९]

**चित्र ३ : जात/जातीयताका आधारमा संविधानसभाको बनावट**




**चित्र ४ : विभिन्न सामाजिक समूहहरूको उपस्थिति दर**




[२९] एक जना संविधानसभा सदस्यका अनुसार, सीमान्तीकृत समूहहरूका लागि संविधानसभामा उपस्थिति दरले फरक पार्न सक्छ किनकि उनीहरूलाई 'न्याय चाहिएको छ' । मार्टिन चौतारीको अन्तर्वार्ता, २६ भदौ २०७१ । पहिलो संविधानसभामा सदस्यहरूको उपस्थिति दरको भिन्नताको उद्धृत कारण थाहा पाउन हेर्नुहोस्, मार्टिन चौतारीको नीति पत्र नं. ४, 'संविधानसभामा उपस्थिति र सहभागिता' असोज २०६७, पृ. ११ ।

## निष्कर्ष

संविधानसभामा सभासद्हरूको उपस्थितिको अभिलेख केलाउँदा पहिलो संविधानसभामा जस्तै राजनीतिक सम्भ्रान्त (एलिट) हरूको संविधान लेखनप्रतिको प्रतिबद्धतामा संशय गर्ने ठाउँ देखिन्छ । त्यसमाथि, मुख्य दलहरूलाई विशेषाधिकार दिने गरी गरिएको संविधानसभाको संरचना र राजनीतिक तहहरूको संवर्द्धन गरेर संविधानसभा राजनीतिक रूपमा समानहरूले लोकतान्त्रिक विर्मशबाट नयाँ संविधान लेख्ने स्थान हो भन्ने मान्यतालाई म्याद गुज्रिएको पुरानो विचार जस्तो बनाइएको छ । राजनीतिक विचारहरूलाई नियन्त्रण गर्न खोज्ने प्रयत्नका परिणामहरू ठोसरूपमा मस्यौदा संविधान उपलब्ध भएपछि त्यसमाथि हुने वास्तविक बहसहरूबाट स्पष्ट हुनेछ । साथै, विगतको अनुभवका आधारमा सार्वजनिक बहस र सहभागितामा ध्यान नदिई समयसीमालाई संकुचन गर्दै जानु अदूरदृष्टि हो । समयसीमा पालना गर्ने नाममा नयाँ संघीय नेपालको ढाँचा तयार गर्ने काममा नागरिकको आफ्नो विचार राख्न पाउने अधिकारलाई उपेक्षा गरिनु हुँदैन । पहिले भनिएझैँ एउटा लोकप्रिय र लोकतान्त्रिक संविधानलाई पूर्णता दिन सार्थक सार्वजनिक विचारको संकलनलाई त्याग्दा ठूलो राजनीतिक जोखिम रहन्छ ।

Δ

## मार्टिन चौतारी

मार्टिन चौतारी अनौपचारिक छलफल समूहका रूपमा सन् १९९१ मा स्थापना भएको हो । त्यति बेला विकासे कार्यकर्ता र प्राज्ञिक व्यक्तिहरू पाक्षिक रूपमा भेटी समसामयिक विषयमा आ-आफ्ना धारणा र अनुभव साटासाट गर्थे । यस छलफल समूहका संस्थापकमध्येका एक– मार्टिन हफ्टनको देहावसानपछि सन् १९९५ मा उक्त अनौपचारिक समूहलाई मार्टिन चौतारी नाम दिइयो । सामाजिक विकास तथा अनुसन्धान केन्द्रको व्यवस्थापनमा छ वर्ष रहेपछि सन् २००२ मा मार्टिन चौतारी छुट्टै गैरसरकारी संस्थाको रूपमा काठमाडौँमा दर्ता भयो ।

चौतारीको सुरु देखिकै उद्देश्य सार्वजनिक संवाद र सार्वजनिक बहसको गुणस्तर उकास्नु हो । नेपालमा बहस र अन्तर्क्रियाको अभ्यास निकै कम हुने बेलामा स्थापित मार्टिन चौतारी अहिले पनि अनौपचारिक तर गहन सार्वजनिक छलफल गर्ने थलोका रूपमा देशभर परिचित छ । यहाँ सातामा दुई दिन विविध विषयहरूमा छलफल हुन्छ । यसबाहेक यसले मिडिया, सुशासन र प्रजातन्त्र, शिक्षा र जीविकोपार्जनका विषयमा लैंगिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोणसहित अनुसन्धान गर्दै आएको छ । युवा अनुसन्धातालाई अनुसन्धानको व्यावहारिक प्रशिक्षण दिने काम (मेन्टरिङ) पनि चौतारीको अभिन्न पाटो हो ।

अहिलेसम्म चौतारीले वार्षिक जर्नल *मिडिया अध्ययन* लगायत ८३ ओटा पुस्तक प्रकाशन गरिसकेको छ । यस वर्ष (सन् २०१४) देखि *मिडिया अध्ययन* जर्नलको प्रकाशकीय जिम्मेवारी भृकुटी एकेडेमिक पब्लिकेसन्सलाई दिइएको छ । मण्डला बुक प्वाइन्टले प्रकाशन गर्ने जर्नल *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*को सम्पादकीय गृह पनि चौतारी हो । सन् २००६ देखि मार्टिन चौतारीले अनुसन्धान पुस्तकालय र मिडिया डकुमेन्टेसन सेन्टर सार्वजनिक उपयोगका लागि खुला गरेको छ । पुस्तकालयमा २० हजारभन्दा बढी पुस्तक छन् जसमध्ये एक चौथाईभन्दा बढी मिडियासम्बन्धी छन् ।

मार्टिन चौतारीका पाँच काम–छलफल, अनुसन्धान, अनुसन्धान प्रशिक्षण, प्रकाशन र पुस्तकालय–आपसमा अन्तरसम्बन्धित छन् । समष्टिमा यिनले सुसूचित संवाद र विश्लेषणमूलक अनुसन्धानमार्फत राज्य र नागरिक बीचको सामाजिक सम्बन्धलाई सबल पार्ने र समावेशी सार्वजनिक वृत्त विस्तार गर्ने चौतारीको मुख्य उद्देश्यलाई सघाइरहेका छन् ।

**बाट :** मार्टिन चौतारी
२७ जीतजङ्ग मार्ग, थापाथली
पो.ब.नं. १३४७०
काठमाडौँ, नेपाल
टेलिफोन : + ९७७-१-४१०२०२७/४२३८०५०
फ्याक्स : + ९७७-१-४२४००५९
इमेल : chautari@mos.com.np
वेब : www.martinchautari.org.np

**लाई :**
__________
__________
__________
__________
__________